# PEAL ले तपाईंलाई कसरी मद्दत गर्न सक्छ ?

## PEAL सेन्टर के हो ?



PEAL सेन्टर अपाङ्गताहरू भएका बालबालिका तथा युवा वयस्कहरू र उनीहरूका परिवारहरूलाई सेवा गर्ने राज्यस्तरीय संस्था हो । PEAL ले अपाङ्गताहरू भएका युवा तथा युवा वयस्कहरू र उनीहरूका परिवारहरूलाई सशक्तीकरण गर्छ, पेशाकर्मीहरूलाई सहयोग गर्छ र समावेशीकरण तथा पहुँचयुक्तताको प्रवर्द्धन गर्छ । PEAL पेन्सलभेनियाको राज्यस्तरीय संस्था हो र यसका मुख्य कार्यालयहरू पिट्सबर्ग तथा फिलाडेल्फियामा रहेका छन् र कर्मचारीहरू पेन्सलभेनियाभरि नै छन् ।
थप जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org



**17.3% विद्यार्थीहरूले पेन्सलभेनियामा विशेष शिक्षा सेवाहरू प्राप्त गर्छन्**
(PDE तथा BSE)

## PEAL ले कसलाई सेवा प्रदान गर्छ ?

- परिवारहरू
- युवा र युवा वयस्कहरू
- अपाङ्गता भएका विद्यार्थीहरूलाई सहायता गर्ने पेशाकर्मीहरू
- अपाङ्गता भएका विद्यार्थीहरू र कम प्रतिनिधित्व हुने समुदायहरूलाई सहायता गर्ने साझेदारहरू

PEAL सँग बच्चाको जीवनभरि, जन्मदेखि 26 वर्षको हुँदासम्म, परिवारहरूलाई सहायता प्रदान गर्नुका साथसाथै वयस्क अवस्थामा जाँदै गरिरहेका युवा वयस्कहरूलाई परामर्श गर्न र सहायता प्रदान गर्नका लागि विशेषज्ञता छ ।

## PEAL ले कस्तो-कस्तो स्रोतसाधनहरू प्रदान गर्छ ?

यी भनेका PEAL सेन्टरले प्रदान गर्ने सेवाहरू मध्ये केही सेवाहरू मात्र हुन् (र यी सबै नि:शुल्क हुन्छन्) ।

### व्यक्तिगत सहयोग

यदि तपाईं अपाङ्गता भएको बच्चा वा युवाको अभिभावक वा परिवारको सदस्य हुनुहुन्छ र तपाईंले कुरा गर्नका लागि तपाईंसँग कोही होस् वा तपाईंका प्रश्नहरूको जवाफहरू कहींबाट प्राप्त होस् भनेर इच्छा गर्नुहुन्छ भने तपाईं अरू कहींपनि जान पर्दैन । PEAL मा रहेको पारिवारिक स्रोत टोलीले तपाईंका अधिकारहरू र तपाईंको बच्चाका अधिकारहरू जान्नमा तपाईंलाई मद्दत गर्नका लागि व्यक्तिगत आधारमा अभिभावक र परिवारहरूसँग मिलेर काम गर्छ । सबै विशेषज्ञहरू आफैंमा अभिभावकहरू हुनुहुन्छ र उहाँहरूसँग समाधानहरू खोज्ने कार्यमा प्रत्यक्ष अनुभव हुन्छ ताकि विद्यार्थीहरूसँग गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच होस् ।
अंग्रेजी तथा स्पेनिस दुवै भाषाहरूका साथसाथै आवश्यकता अनुसार अन्य भाषाहरूमा पनि उपलब्ध व्यक्तिगत सहयोगका लागि फोन वा इमेल गर्नुहोस् ।

**866-950-1040** **info@pealcenter.org**

थप जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org/what-is-a-family-resource-specialist

**2020 मा:**

**65,705**
परिवार, पेशाकर्मी र युवाहरू तालिमहरूमा सहभागी भएका थिए

**2,851**
**परिवारहरूले व्यक्तिगत सहयोग प्राप्त गरेका थिए**

### तालिमहरू

PEAL ले परिवार, युवा र पेशाकर्मीहरू लगायत सबै प्रकारका मानिसहरूलाई विभिन्न शीर्षकहरूमा तालिमहरू प्रदान गर्छ । हामीले सर्वसाधारणहरूका लागि वेबिनारहरूको आयोजना गर्नुका साथसाथै साना समूहहरूका लागि तयार गरिएका विशिष्ट, रमाइला तालिमहरू प्रदान गर्छौं ।
हामीले कुन-कुन विशिष्ट तालिमहरू प्रदान गर्छौं भनेर यहाँबाट जान्नुहोस् र आफ्नो समूहका लागि कुनै एक तालिम यहाँबाट अनुरोध गर्नुहोस्:
https://www.pealcenter.org/requesttraining

## रेकर्ड गरिएका वेबिनारहरू हेर्ने र PA मा अपाङ्गतासम्बन्धी आगामी कार्यक्रमहरूका बारेमा थाहा पाउने

PEAL का रेकर्ड गरिएका वेबिनारहरू यहाँ हेर्नुहोस्:: https://www.pealcenter.org/webinars
PEAL र हाम्रा साझेदार संस्थाहरूका आगामी तालिम तथा कार्यक्रमहरूका बारेमा जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org/events



## स्वास्थ्य सेवा

एक परिवारले अर्को परिवारलाई स्वास्थ्य जानकारी उपलब्ध गराउने सेन्टरको रूपमा PEAL स्वास्थ्य सेवा प्रणालीमा अगाडि बढ्दै गर्दा युवा तथा परिवारहरूलाई सुसूचित निर्णयहरू लिनमा मद्दत गर्नका लागि यहाँ रहेको छ । हामीले व्यक्तिगत सहयोग र स्रोतसाधनहरू प्रदान गर्छौं जसले विशेष स्वास्थ्य सेवा आवश्यकताहरू भएका बालबालिका तथा युवाहरू (CYSHCN) का लागि स्पष्ट जानकारी उपलब्ध गराउँछन् र परिवार-केन्द्रित, समुदायमा आधारित समन्वित स्याहार प्रवर्द्धन गर्छन् ।
थप जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org/health-care

## युवा र युवा वयस्कहरू

PEAL ले विभिन्न कार्यक्रम र तालिमहरूमार्फत अपाङ्गता भएका युवाहरूलाई सेवा प्रदान गर्छ । PEAL ले आ-आफ्नो समुदायहरूमा अगुवाहरू बन्नमा युवाहरूलाई सहायता गर्नका लागि युवा नेतृत्व विकास तालिमहरू प्रदान गर्नुका साथै युवा-मात्र जोडिन सक्ने अवसरहरू नियमित रूपमा आयोजना गर्छ
थप जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org/youth-and-young-adults

## ट्रान्जिसन डिस्कभरिज

ट्रान्जिसन डिस्कभरिज (Transition Discoveries) पहल भनेको हाइ-स्कुल र त्यसपछि जीवनमा आफ्नो ट्रान्जिसनमा युवाहरूलाई सर्वाङ्गीण रूपमा सहायता गर्नका लागि PEAL र विभिन्न प्रकारका सामुदायिक साझेदारहरूमार्फतको सहकार्य हो । ट्रान्जिसन डिस्कभरिज युवाहरूका साथसाथै ट्रान्जिसन प्रक्रियामा सेवा प्रदान गरिएका संलग्न परिवार र पेशाकर्मीहरूमा प्रत्यक्ष रूपमा लक्षित हुन्छ ।
थप जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org/transition_discoveries

अस्वीकरण: यो परियोजना, ट्रान्जिसन डिस्कभरिज, को केही हिस्सालाई U.S. Administration for Community Living, Department of Health and Human Services, Washington, D.C. 20201 को अनुदान नम्बर 1801PABSDD मार्फत Pennsylvania Developmental Disabilities Council बाट प्राप्त हुने अनुदानबाट आर्थिक सहायता प्रदान गरिएको छ । सरकारी प्रायोजनमार्फत परियोजनाहरूलाई अगाडि बढाइरहेका अनुदान प्राप्त गर्नेहरूलाई आफ्ना परिणाम र निष्कर्षहरूलाई स्वतन्त्र रूपमा व्यक्त गर्न प्रोत्साहित गरिन्छ । त्यसैले, दृष्टिकोण वा रायहरूले आधिकारिक ACL नीतिलाई प्रतिनिधित्व गर्छन् जो भन्ने हुँदैन ।

## फ्यामिलिज टु द म्याक्स

फ्यामिलिज टु द म्याक्स (FAMILIES TO THE MAX) भनेको व्यक्ति, पेशाकर्मी तथा समुदायका सदस्यहरू र पेन्सलभेनियामा विशेष शिक्षा सेवाहरू प्राप्त गर्ने बच्चाहरूका परिवारहरूको नेटवर्क हो । नेटवर्कका सदस्यहरूले आफ्नो शैक्षिक अनुभवमा सफलता प्राप्त गर्न र आफ्ना परिणामहरूलाई बढीभन्दा बढी बनाउनका निम्ति अपेक्षाहरूलाई बढाउन, क्षमताको अनुमान लगाउन र विद्यार्थीहरूका लागि अवसरहरू वृद्धि गर्न शिक्षाविदहरूसँग साझेदारी गर्छन् । उनीहरूले तालिम कार्यक्रमहरूमा उपस्थित भएर र वेबिनारहरूमा सहभागी भएर नेटवर्किङमार्फत परिवारहरूमा सचेतना निर्माण गर्छन र उनीहरूलाई समर्थ बनाउँछन् । थप जानकारी यहाँबाट प्राप्त गर्नुहोस्: https://www.pealcenter.org/families-to-the-max-pennsylvania-statewide-family-network